टोल फ्री नं.- १६६०-८६-४४५५५, ☎ ०८६-४४००७१

रोल्पा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
लिवाङ, रोल्पा
५ नं. प्रदेश, नेपाल ।

प.सं.२०७४/७५ मितिः २०७४/९/१३

च.नं.:- ४९२

## कर्मचारी आवश्यकता सम्बन्धी रोल्पा नगरपालिकाको सूचना

**प्रथम पटक प्रकाशित मिति- २०७४/०९/१३**

यस नगरपालिकाको लागि तपसिल बमोजिमका सेवा समूह र पदका कर्मचारीहरु सेवा करारमा नियुक्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस नगर कार्यपालिका कार्यालयमा रितपूर्वक दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

१. **पदको विवरण-**

| क्र.सं. | विज्ञापन नं. | विज्ञापनको किसिम | पद | जम्मा माग पद संख्या |
|---|---|---|---|---|
| १ | ०४/०७४/७५ | करार सेवा | सूचना प्रविधि अधिकृत (IT Officer) | १ |
| २ | ०५/०७४/७५ | करार सेवा | सहायक कम्प्युटर अपरेटर | ४ |

२. **आवश्यक न्यूनतम शैक्षिक योग्यता**

**IT Officer का लागि** - लोकसेवा आयोगले लिने कम्प्युटर अधिकृत पदको न्युनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information and Communications Technologies वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक BIT, BIM, BBIS,BCA, BCIS, BEIT, BSc.IT, BSc.CSIT को उपाधी हासिल गरेको ।

**सहायक कम्प्युटर अपरेटर लागिः** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई एस.एल.सी.वा सो सरह उत्तीर्ण । अथवा, मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी.वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तिमा ३ महिनाको कम्प्युटर तालिम प्राप्त । अथवा, मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी.वा सो सरह उत्तीर्ण गरी विज्ञान तथा प्रविधि मन्त्रालयबाट Semi Skilled Man Power को लागि सञ्चालित कम्प्युटर तालिम उत्तीर्ण ।

३. **आवश्यक कागजात-** (१) व्यक्तिगत विवरण (BIO-Data) , (२) नागरिकताको प्रमाण-पत्र, (३) शैक्षिक योग्यताको प्रमाण-पत्रहरु, (४) अनुभवका प्रमाण-पत्रहरु, (५) दरखास्त दस्तुर बुझाएको नगदी रसिद । उल्लिखित प्रमाण-पत्रका प्रतिलिपिहरु स्वयं प्रमाणित गरी दरखास्त साथ पेश गर्नुपर्नेछ ।

४. **उमेरको हद- IT Officer को हकमाः** दरखास्त बुझाउने अन्तिम मिति सम्म २१ बर्ष पुरा भई ३५ बर्ष ननाघेको तथा महिला र अपाङ्ग उम्मेदवारको हकमा २१ बर्ष पुरा भई ४० बर्ष ननाघेको ।

**सयहाक कम्प्यूटर अपरेटरको हकमाः** दरखास्त बुझाउने अन्तिम मिति सम्म १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको तथा महिला र अपाङ्ग उम्मेदवारको हकमा २१ बर्ष पुरा भई ४० बर्ष ननाघेको ।

५. **करार अवधि-** २०७५ असार मसान्त सम्म ।

६. **कार्यशर्त विवरण (TOR)-** २०७४/०३/२८ गतेको स्वीकृत सचिव स्तरीय निर्णयमा उल्लेख भए बमोजिम र न.पा.ले तोके बमोजिम

७. **छनौट प्रक्रिया-** छोटो सुचि विधि तथा आवश्यकता अनुसार लिखित, प्रयोगात्मक परीक्षा र अन्तरवार्ता हुनेछ ।

८. **दरखास्त दस्तुर** बापत- रु.१०००/ (एक हजार रुपैया मात्र) । स.क.अ- रु.५००/- (पाँच सय मात्र)

९. **सेवा र सुविधा —** IT Officer : मासिक रु.४७५००/-(सत्चालिस हजार पाँच सय मात्र)। स.क.अपरेटरः नियमानुसार तलब स्केल ।

१०. रितपूर्वक दरखास्त फारम भरी यस कार्यालयमा बुझाउनु पर्नेछ । रित नपुगी आएको दरखास्त उपर कारवाही हुने छैन ।आवेदन फाराम रोल्पा नगरपालिकाको बेवसाइट **www.rolpamun.gov.np** बाट प्राप्त गर्न सकिन्छ ।

११. थप जानकारीको लागि सम्पर्क टोल फ्री नं.- १६६०८६४४५५५, सूचना अधिकारी- ९८६०६६२८८६

१२. सूचनामा उल्लेख भए बाहेकका अन्य कुराहरु प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहेको उम्मेदवार छनौट तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

२०७४.९.१३

कर्मनिसिं थापामगर
प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत